बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: ०७९।०८०

चलानी नं.:

मिति-२०७९/०९/१९

**डिप ट्यूववेल निर्माण कार्यक्रमको प्रस्तावना पेश गर्ने बारेको सूचना !**

प्रथम पटक प्रकाशित मिति २०७९।०९।१९ गते

वाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कपिलवस्तुको आ.व.२०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास कार्यक्रम तर्फ संघीय शसर्त अनुदान अन्तरगत डिप ट्यूववेल निर्माण (वडा नं.३) कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले बाणगंगा नगरपालिका वडा नं.३ भित्रका इच्छुक दर्ता तथा नविकरण भएका कृषक समूह/कृषि सहकारी संस्था/जल उभोक्ता समितीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नु हुनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| कार्यक्रम | सम्लग्न गर्नुपर्ने आवस्यक कागजात | न्युनतम मापदण्ड |
|---|---|---|
| डिप ट्यूववेल निर्माण (वडा नं.३) | १. कार्यक्रम माग सम्बन्धि निवेदन।<br>२. कृषक समूह/कृषि सहकारी/जलउपभोक्ता समिति २०७९ मंसिर मसान्त भित्र दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी।<br>३. कार्यक्रम माग सम्बन्धि निर्णयको प्रतिलिपी।<br>४. वडा कार्यालयको सिफारिस पत्र।<br>५. सहकारी सस्थाको हकमा लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।<br>६. रु.२०० राजश्व तिरेको रसिद। | १. डिप ट्यूववेल जडान हुने स्थानको किटानी बिवरण पेश गर्नु पर्ने।<br>२. डिप ट्यूववेल जडान हुने जग्गा मध्ये कम्तिमा १० धुर जग्गा लालपर्जा सहित समितिलाई उपलब्ध गराउने प्रतिवद्धता एवं कवुलियतनामा पेश गर्नु पर्ने।<br>३. डिप ट्यूववेलबाट सिंचाई हुने क्षेत्रफल कम्तिमा ४० हेक्टर हुनु पर्ने।<br>४. डिप ट्यूववेल प्वाईन्ट सम्म मोटरबाटो भएको हुनु पर्ने छ।<br>५. उक्त क्षेत्रको बिद्युतिकरणबो बर्तमान अवस्था (थ्रीफेस लाईन) र सो बारे उपभोक्ताले जनाएको प्रतिबद्धता पेश गर्नु पर्ने छ।<br>६. जनसहभागिता स्वरुप लागतको घटिमा "सिंचाई निति २०७०" अनुसारको जनसहभागिता बराबरको जिन्सी वा नगद वा श्रमदान अनिवार्य रुपमा ब्यहोर्ने सम्बन्धमा जनाएको प्रतिबद्धता पेश गर्नु पर्ने छ। |

पुनश्च: आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।

सम्पर्क नम्वर- ९८४१३५२७४७/९८५७०५२९५४

०९।१९।७९

इमेल: agriculturebangangamun@gmail.com वेभसाइट:www.bangangamun.gov.np सम्पर्क नं:०७६-५५०३८३

CamScanner